उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल फोन नं ०४६-६९१९२९

उमाकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रिती, रामेछाप बागमती प्रदेश, नेपाल

पत्र सख्या:- ०८२/०८३
चलानी नं:- 2692

मितिः- २०८३।०३।३०

विषयः- औषधी उपचारको लागि नविकरण गर्ने सम्वन्धमा ।

उमाकुण्ड गाउँपालिका अन्तर्गतका
सम्वन्धित सम्पुर्ण लाभग्राहीहरु ।

उपरोक्त सम्वन्धमा श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ,रामशाहपथ, काठमाण्डौवाट जारी भएको मृगौला प्रत्यारोपण गरेका , डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्वन्धी कार्यविधि २०७८ मा मासिक रु. ५००० (पाँच हजार मात्र ) उपलब्ध गराउने भनि उल्लेख भए वमोजिम आ.व. २०८२।२०८३ मा सम्वन्धित लाभग्राहिहरुलाई कार्यविधी अनुरुप मासिक रु. ५००० ( पाँच हजार ) उपलब्ध गराईएकोमा आ व २०८३।२०८४ मा सोही औषधी उपचार वापतको खर्च रकम प्राप्त गर्नका लागि तपशिल अनुसारको कागजात सहित यो सुचना प्रकाशित भएको मितिबाट २०८३ श्रावण मसान्त भित्र नविकरण गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| नविकरणका गर्ने लाभग्राहिको हकमा पेश गर्नुपर्ने कागजातहरु | सेवा उपलब्ध नहुने अवस्थाहरु |
|---|---|
| **१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि**<br>**२. नावालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि**<br>**३.अनुसुची १ वमोजिमको चिकित्सकको सिफारिस**<br>**४. मेरुदण्ड पक्षतघातको हकमा अपांगता सम्वन्धि प्राप्त रातो वा नीलो कार्डको प्रतिलिपि**<br>**५. अनुसुची २ वमोजिमको निवेदन साथै सम्वन्धित वडाको सिफारिस पत्र**<br>**६. सम्वन्धित व्यक्तिले खाता खोलेको वैंकको खाता नं सहितको चेकको फोटोकपी**<br>**७. सम्वन्धित व्यक्ति वा सो व्यक्तिको हकवालाले नविरकणका लागि पेश गरेको निवेदन** | **१. नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व रहेको संस्था/संगठनवाट रोजगारी निवृतिभरण वा विदेशी सरकारवाट रोजगार पेन्सन प्राप्त गरि गरि रहेका व्यक्तिहरु**<br>**२. नेपाल सरकारवाट उपलब्ध गराउदै आईरहेको जेष्ठ नागरिक भत्ता एकल महिला दलित अपांग भत्ता लगाएत सामाजिक सुरक्षा भत्ता वा यस निर्देशिका वमोजिम उपलब्ध गराईने मध्ये कुनै एक किसिमको भत्ता मात्र मासिक प्राप्त गर्नेछ ।**<br>**३. यसै सुचनामा उल्लेखित एक भन्दा वढी रोग लागेका व्यक्तिले दोहोरो पर्ने गरी यस किसिमको भत्ता प्राप्त गर्ने छैन ।** |

२०८३।०३।३०

अभिजीत सुनुवार
स्वास्थ्य शाखा प्रमुख

डावा शेर्पा
प्रमुख प्रशासकीय अधिकृत

डावा शेर्पा
प्रमुख प्रशासकीय अधिकृत